नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

सार्वजनिक स्थलहरूमा मजाक, ख्यालठट्टा वा मस्करी (Prank) को नाममा सर्वसाधारण व्यक्तिहरूलाई शारीरिक तथा मानसिक रुपमा सास्ती दिने, हैरानी पार्ने र दिक्दार लगाउने जस्ता क्रियाकलापहरू गरी सोको गोप्य भिडिओ तयार गर्ने र उक्त भिडिओ दृश्यांश (Video Footage) सामाजिक सञ्जालहरुमा राख्ने (Upload) कार्यहरू हुने गरेको भन्ने गुनासो तथा सूचना प्राप्त भइरहेको सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

सार्वजनिक स्थलहरूमा गरिएका भद्दा प्रकृतिका ख्यालठट्टाबाट सिकार भएका व्यक्तिमा देखिन सक्ने मानसिक तनाव, उत्पन्न हुन सक्ने वादविवाद र द्वन्द्व, सामाजिक सद्भाव र शान्ति सुव्यवस्थामा पर्न सक्ने नकारात्मक प्रभाव एवं व्यक्तिगत गोपनीयता, प्रतिष्ठामा पर्न सक्ने असर समेतलाई दृष्टिगत गरी व्यक्तिको अनुमति बिना कुनैपनि प्रकारको तस्बिर लिन र सामाजिक सञ्जालमा प्रकाशन गर्न, व्यक्तिलाई जानकारी नै नदिई सम्बन्धित व्यक्तिको अनुमति/सहमति बिना कुनैपनि प्रकारको भिडिओग्राफी गरी सामाजिक सञ्जालहरुमा प्रकाशन गर्ने क्रियालापमा संलग्न जोसुकैलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

२०७८/१०/१३

मितिः २०७८।१०।१३

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता